नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## नापी विभाग

## नापी कार्यालय मुस्ताङ,जोमसोम

☎०६९-४४०१४८

पत्र संख्याः- ०७९/०८०

च.नं.:- १०३

मितिः- २०८०।०१।२१

विषयः- सूचना टाँस सम्बन्धमा।

श्री वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
वडा नं. २ को कार्यालय
मुस्ताङ।

प्रस्तुत विषयमा मुस्ताङ जिल्ला वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. २ छेङ्गुर आधारभूत विद्यालय देखी पूर्वतर्फ, अन्नपूर्ण पैदल मार्गको पश्चिमतर्फ, ताङग्रांग्यू खोलादेखि उत्तरतर्फ र चिहान डाँडा देखि दक्षिणतर्फ उच्च उचाई खेलकुद तालिम केन्द्र (High Altitude Sports Training Center) को निर्माण प्रयोजनार्थ नेपाल सरकारको नाममा जग्गा नापनक्सा गर्ने कार्य सम्पन्न भई सो जग्गा दर्ता सम्बन्धी सात दिने सूचना टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ।

सुबोध कुमार यादव
नापी अधिकृत

**बोधार्थः**

श्री वारागुङ मुक्तिक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयः- सूचना टाँस गरी सबैमा जानकारी गराउनु हुन।
श्री जिल्ला प्रशासन कार्यालय मुस्ताङ,जोमसोमः- सूचना टाँस गरी सबैमा जानकारी गराउनु हुन।
श्री जिल्ला प्रहरी कार्यालय मुस्ताङ, जोमसोमः- सूचना टाँस गरी सबैमा जानकारी गराउनु हुन।
श्री जिल्ला समन्वय समिति मुस्ताङ, जोमसोमः- सूचना टाँस गरी सबैमा जानकारी गराउनु हुन।
श्री मालपोत कार्यालय मुस्ताङ, जोमसोमः- सूचना टाँस गरी सबैमा जानकारी गराउनु हुन।
श्री डिभिजन वन कार्यालय मुस्ताङ, जोमसोमः- सूचना टाँस गरी सबैमा जानकारी गराउनु हुन।
श्री अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इ.स.का.मुस्ताङ, जोमसोमः- सूचना टाँस गरी सबैमा जानकारी गराउनु हुन।
श्री इलाका प्रहरी कार्यालय मुक्तिनाथ, मुस्ताङः- सूचना टाँस गरी सबैमा जानकारी गराउनु हुन।

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## नापी विभाग

## नापी कार्यालय मुस्ताङ,जोमसोम

☎०६९-४४०१४८

पत्र संख्याः- ०७९/०८०

च.नं.:-

मितिः- २०८०।०१।२१

**जग्गा दर्ता सम्बन्धी जारी गरिएको ७ दिने सूचना**

मिति २०७९।१२।१० गते मुस्ताङ जिल्ला वारागुङ गाउँपालिका वडा न. २ साविकको मुक्तिनाथ गा.वि.स. छेङगुरमा वडा नं. २ का वडाध्यक्ष श्री न्होरु गुरुङ ज्यूको अध्यक्षतामा बसेको जग्गा व्यवस्थापन सम्बन्धि बैठकको निर्णयनुसार मिति २०७९।१२।२१ गते देखि मिति २०८०।०१।०६ गते सम्म छेङगुर को आधारभूत विद्यालय बाट पूर्व तर्फ तथा अन्नपूर्ण पैदल मार्ग बाट पश्चिम तर्फ उच्च उचाई खेलकुद तालिम केन्द्र (High Altitude Sports Training Center) निर्माणको प्रयोजनार्थ जग्गा प्रासिका लागि उक्त क्षेत्रका स्थानीय वासिन्दा, वडाध्यक्ष, गाउँ मुखिया लगायतका भद्रभलादमीहरुले साँध सिमाना घुमी घुमाई देखाए बमोजिम नाप नक्सा भई देहायको निकायको नाममा देहाय बमोजिमका कित्ताहरु यस कार्यालयबाट नापी भए अनुसारको नामावली प्रकाशित गरिएको छ। उक्त नामावलीमा कसैको चित्त नबुझेमा वा दाबी उजुरीको लागि जग्गा नाप जाँच नियमावली, २०५८ को अनुसूची -२ बमोजिम यस कार्यालयमा सात दिन भित्र लिखित निवेदन गर्नु होला अन्यथा यसै अनुसार जग्गा दर्ता गरिनेछ भनि सम्बन्धित सबैको जानकारीको लागि यो सात दिने सूचना प्रकाशन गरिएको छ।

(१८२)

| जग्गाधनिको नाम, थर र वतन | जिल्ला | गाँउपालिका | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. (रो-आ-पै-दा) | जग्गाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| नेपाल सरकार | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र | २ | १ | ९८०६५.७३ व.मि.(१९२-१२-०-३) | जग्गा | |
| नेपाल सरकार | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र | २ | २ | ७३०.३६९ व.मि.(१-६-३-३) | मन्दिर | |
| नेपाल सरकार | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र | २ | ३ | १६६४.८० व.मि.(३-४-१-१) | सडक | |
| नेपाल सरकार | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र | २ | ४ | ३१५.६५ व.मि.(०-९-३-२) | पानी मुल | |
| नेपाल सरकार | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र | २ | ५ | ५५२५५.९४ व.मि(१०८-९-३-१) | जग्गा | |
| नेपाल सरकार | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र | २ | ६ | ८४०.३६ व.मि.(१-१०-१-२) | कुलो | |
| नेपाल सरकार | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र | २ | ७ | १०१७२१.८८ व.मि.(१९९-१५-०-३) | जग्गा | |



CamScanner